**evvie** (एभी) मोबल याप तपाईंले सदस्यहरूसँग काम गरेको समय चढाउने नयाँ तरिका हो। यो एक सरल र द्रुत तरीका हो, जसले तपाईंले काम गरेको समय सही तरिकाले चढाएको हो भनेर पक्का गर्छ। अब उक्त यापलाई प्रयोगका लागि तयार पार्न र तपाईंको पहिलो पालो चढाउन केही चरणहरू पार गरौं।

## आइफोन वा आइप्याडमा याप डाउनलोड गर्नुहोस्

1. App Store (याप स्टोर) नामक याप खोल्नुहोस्।
2. Evvie" (एभी) खोज्नुहोस्।
3. घुमाउरो तरिकाले लेखिएको नीलो अक्षर A (ए) चिह्न भएको **evvie** (एभी) याप खोज्नुहोस्।
4. उक्त याप आफ्नो उपकरणमा डाउनलोड गर्नुहोस्।

## एन्ड्रोइड उपकरणहरूमा याप डाउनलोड गर्नुहोस्

1. Google Play (गुगल प्ले) याप खोल्नुहोस्।
2. "Evvie" (एभी) खोज्नुहोस्।
3. घुमाउरो तरिकाले लेखिएको नीलो अक्षर A (ए) चिह्न भएको **evvie** (एभी) याप खोज्नुहोस्।
4. उक्त याप आफ्नो उपकरणमा डाउनलोड गर्नुहोस्।

अब तपाईंसँग याप छ, तपाईंले गरेको काम चढाउन थाल्न तपाईं तयार हुनुहुन्छ। FMS (एफएमएस) प्रदायकले तपाईंको **FMS**One (एफएमएस-वान) खाता खोल्न निर्देशनहरू इमेल गरिसकेको हुनुपर्छ। **evvie** पोर्टल वेब याप प्रयोग गर्न तपाईंसँग **FMS**One प्रयोगकर्ता नाम र पासवर्ड हुनुपर्छ। यदि तपाईंसँग तपाईंको **FMS**One लग-इन तयार छैन भने कृपया तपाईंले **evvie** पोर्टल वेब यापमा साइन इन गर्ने प्रयास गर्नुअघि त्यसो गर्न निर्देशन पानाको समीक्षा गर्नुहोस्। उक्त यापले एप्पल र एन्ड्रोइड उपकरणहरू दुवैमा उस्तै तरिकाले काम गर्छ।

## यापमा लग इन गर्नुहोस्

1. याप खोल्नुहोस्।
2. नीलो **FMS**One बटनमा क्लिक गर्नुहोस्।
3. तपाईंको उपकरणले तपाईंलाई sign in (साइन-इन) पेजमा ल्याउनेछ। आफ्नो **FMS**One इमेल र पासवर्ड भर्नुहोस्, त्यसपछि Log In (लग इन) मा क्लिक गर्नुहोस्।
4. अब तपाईं साइन इन र पालो थाल्न तयार भएको हुनुपर्छ!

## पालो थाल्दै

एकपटक तपाईंले साइन इन गरेपछि, तपाईंले देख्ने पहिलो स्क्रिनमा तपाईंले काम गर्ने सदस्यहरूको सूची हुनुपर्छ। उक्त सूचीमा एक व्यक्ति मात्र हुन सक्नुहुन्छ, वा तपाईंसँग केही हुन सक्नुहुन्छ।

1. तपाईंले आज काम गर्ने व्यक्तिको नाममा क्लिक गर्नुहोस्।
2. स्क्रिनको पुछारना नीलो "**Start Shift**" (स्टार्ट शिफ्ट) बटन हुन्छ। त्यसमा क्लिक गर्नुहोस्।
3. तपाईंले ठीक व्यक्ति छानेको पक्का हो भनी पुष्टि गर्नुपर्छ, यदि छान्नुभयो भने **yes** (हो) मा क्लिक गर्नुहोस्। यदि छान्नुभएन भने **no** (होइन) मा क्लिक गर्नुहोस्।



संस्करण 1.3 ©Annkissam, 2022

4. यदि तपाईंले **yes** (हो) मा क्लिक गर्नुभयो भने **evvie** (एभी) ले पहिले नै तपाईंको पालो चढाउन सुरु गरिसकेको हुन्छ। तपाईं आफ्नो उपकरण कतै थन्क्याएर राख्न सक्नुहुन्छ र पछि फर्केर आउन सक्नुहुन्छ।

## पालो सक्दै

तपाईंले आफ्नो पालोको जानकारी बुझाउनुअघि, तपाईंले यापमा पालोबारे केही जानकारी
राख्नुपर्ने / छान्नुपर्ने हुन्छ।

1. याप खोल्नुहोस्।
2. सूचीबाट एउटा सेवा कोड छान्नुहोस्।
3. सूचीबाट Participant's enrollment ID (सदस्यको दर्ता आइडी) छान्नुहोस्।
4. यदि तपाईंको कार्यक्रमले अनिवार्य गरेको छ भने आज तपाईंले काम गरेको कुनै ADL (एडीएल) वा Task codes (कामका कोडहरू) छान्नुहोस्।
5. स्क्रिनको टुप्पातर्फ दायाँ कुनामा रहेको **End Shift** (इन्ड शिफ्ट) मा क्लिक गर्नुहोस्।
6. फुत्त निस्केको सूचनामा भएको **End and Complete Shift** (इन्ड एन्ड कम्प्लिट शिफ्ट) मा क्लिक गर्नुहोस्।
7. तपाईंले तपाईंको पालो सफलतापूर्वक सञ्चय भयो भन्ने सन्देश देख्नुहुनेछ।

बधाई ! तपाईंले **evvie** (एभी) मोबल याप प्रयोग गरेर आफ्नो पालोको समय चढाउनुभएको छ।


संस्करण 1.3 ©Annkissam, 2022